जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका–६, सिरहा**
**फोन नं.: ०३३–५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
**इमेल :** marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २९३ पृष्ठः ४ | २०८० चैत्र ०२ गते शुक्रबार (Friday 15 March 2024) | मूल्य रु. ५।– | इमेल : marganugamidaily@gmail.com

## एकै सातामा तीन महिलाको आफ्नै श्रीमानबाट हत्या

सिरहा, १ चैत। एक साताको अवधिमा सिरहामा तीन महिलाको आफ्नै श्रीमानबाट घाँटीरेटी हत्या भएको छ। सिरहको लक्ष्मीपुर पतारीमा विहीबार पुनः एक महिलाको आफ्नै श्रीमानले धारीलो हतियार प्रहारी गरी हत्या गरेको हो। लक्ष्मीपुर पतारी ६ सीतापुरका ५५ वर्षिय कुमियादेवी दासलाई उनको श्रीमान रामसितल दासले धारीलो हतियार प्रहारगरी हत्या गरेको प्रहरीले जनाएको छ। श्रीमती खेतमा काम गरिरहेको अवस्थामा दासले धारीलो हतियारले सरिरको विभिन्न भागमा प्रहारगरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रबिन्द्रराज पाण्डेले जानकारी दिए। प्रहरीले हत्यामा संलग्न दासलाई नियन्त्रणमा लिईसकेको जनाएको छ।

प्रहरीले शव उठाउन प्रकृति मुचुल्का उठाउने काम भईरहको र हत्या गर्नुको कारणबारे अझै अनुसन्धान गरिरहेको जनाएको छ। तीनदिन अघि गत फागुन २७ गते सिरहा नगरपालिका ६ बसपिट्टाका ६५ वर्षिय रामउदगार साहले आफ्नै श्रीमती ६० वर्षिय निर्मला साहको घाटीरेटी हत्या गरेको थियो। प्रहरीले हत्या अभियोगमा श्रीमान साहलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ। उनले बाख्रा चराउन गएका श्रीमतीको चौरमै घाटी रेटेर हत्या गरेको बताइएको छ। त्यसैगरी, गतमाघ २६ गतेका दिन गोलबजार नगरपालिका ६ का महेन्द्र कुमार महतोलाई आफ्नै श्रीमती ३५ वर्षीय अनिता कुमारी साहको हत्या अभियोगमा प्रहरीले नियन्त्रणमा लिएको छ। उनको आफ्नै घरभित्र धारीलो हतियारले घाटी रेटेर हत्या गरिएको अवस्थामा शव फेला परेको थियो।

## नगर अस्पताल निर्माण सुरु

लहान, १ चैत्र। लहान नगरपालिकाले विपन्न समुदायले भोगिरहेको स्वास्थ्य समस्यालाई समाधान गर्नका लागि नगर अस्पताल निर्माण सुरु गरेको छ। सामान्य बिरामी हुँदा स्वास्थ्य उपचारका लागि विराटनगर, घरान, काठमाडौं जानुपर्ने बाध्यताको अन्त्य गर्नका लागि १८ करोड रुपियाँको लागतमा पालिकाले वडा नं १० मा नगर अस्पताल निर्माण कार्य गरेको नगर प्रमुख महेशप्रसाद चौधरीले बताए। उनले 'देशैभरिमा सबैभन्दा बढी २४ वटा वडा भएको नगरपालिकाको उत्तरी भेगका दलित, विपन्नले भोगिरहेको स्वास्थ्य समस्या समाधानका लागि नगर अस्पताल निर्माण सुरु गरिएको हो।'

फागुन २९ गते मंगलबार अस्पताल निर्माण कार्य सुरु गरेर १८ महिनामा नै सम्पन्न हुने गरी कार्य सुरु गरेको भन्दै उनले विपन्नको सामुदायिक जेएस मुरारका बहुमुखी क्याम्पसलाई उच्च शिक्षाका लागि केन्द्र बनाएर क्याम्पस नजिकै अस्पताल स्थापना गरी शिक्षा, स्वास्थ्यमा नगरवासीको सहज पहुँच



बढाउने उद्देश्यले काम गरिरहेको बताए। अस्पतालमा बाल विशेषज्ञ, स्त्रीरोग विशेषज्ञ, हृदयरोग विशेषज्ञ चिकित्सक राखी स्वास्थ्य क्षेत्रमा परिवर्तन गर्ने उद्देश्यले शिक्षा, स्वास्थ्य, कृषि र उद्योगधन्दालाई प्राथमिकतामा राखेर काम गरिरहेको नगर प्रमुख चौधरीको भनाइ छ।

लहान–१० मा अस्पताल र लहान–११. पडरियामा आधारभूत विद्यालय स्थापनाका लागि निर्माण सुरु गरी आफ्नो प्रतिबद्धता पूरा गर्न लागेको नागरिक अगुवा अजयकुमार चौधरीले बताए। उनका अनुसार पडरिया गाउँ मधेश प्रदेशकै नमुना गाउँ भए पनि यहाँ विद्यालय थिएन। यस वर्ष एक जना स्थानीय दाता खोजेर विद्यालय स्थापनाका लागि प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरीलगायत स्थानीयको प्रयास सफल भयो।

## महिलाले नै दाइजो माग्नु विडम्बना

**जीवछ यादव**

लहान, १ चैत्र। तराई मधेशका जिल्लामा दाइजो प्रथा रोकिनुको सट्टा बद्दै गइरहेको छ। दाइजो प्रथा महिला हिंसाको प्रमुख कारण बनिरहेको छ। दाइजो लिने दिने काममा महिला नै बढी सक्रिय हुनु थप विडम्बना बनेको छ। छोराको विवाहमा घरभित्र छलफल चल्दा बुवाहरूले मात्रै दाइजोमा रुचि राख्ने होइन, आमाहरूको पनि त्यत्तिकै रुचि हुने गरेको शिक्षक गंगाप्रसाद यादवको भनाइ छ। उनका अनुसार पहिले खानदान, वंश, कुल खोजेर विवाह गर्ने चलन थियो। अहिले त दाइजो मिल्यो भने खानदान, डिह, वंश र कुलको चर्चा पनि हुँदैन। दाइजो प्रथामा परिवारभित्रका महिलाले समर्थन गर्नु विडम्बना हो, यसको विरोध हरेक घरका महिलाले गर्न सके मात्रै दाइजो नियन्त्रण हुने उनको भनाइ छ।

महिला मानव अधिकार सञ्जालद्वारा सञ्चालित मधेश प्रदेशका सिकाइ केन्द्रका अध्यक्ष रेणु कर्ण भने, "महिला (आमाहरू)

**–बाँकी तीन पेजमा**

## 'डिजे' नियन्त्रण बाहिर

लहान, १ चैत्र। तराई मधेशका जिल्लामा विवाह, पूजा, यज्ञलगायत हरेक धार्मिक, सांस्कृतिक कार्यमा प्रयोग हुन थालेको 'डिजे' (चर्को सङ्गीत ध्वनि) रोक्न पटक पटक आवाज उठे पनि नियन्त्रण हुन सकेको छैन। डिजे रोक्नुपर्ने माग विभिन्न संघ संस्था र सामाजिक अगुवाले उठाउन थालेका छन्। नियन्त्रणबाहिर रहेको डिजेका कारण प्रायः विवाहमा हरेक गाउँमा कुटपिटसमेत भइरहे पनि यसलाई प्रहरी प्रशासनले कहिलेकाहीँ रोक्ने प्रयास गरे पनि पछिल्लो पटक कुनै प्रयास हुन नसकेको गुनासो बढ्न थालेको छ। गोलबजार क्याम्पसका नेपाली वेषयका प्राध्यापक भैरवप्रसाद गेल्ला भने, डिजेले आतङ्क नै सिर्जना गरेको छ। विवाहको। दिउँसो, राति जतातत‍ै डिजे बजेपछि निद्रा तङ्ग हुन्छ नै साथै यसको चर्को आवाजले हृदयका रोगीलाई प्रत्यक्ष असर परिरहेको छ। यसलाई रोक्न कैयौं पटक इलाका प्रहरी कार्यालय लहान, जिल्ला प्रहरी कार्यालय सिरहा, जिल्ला प्रशासन कार्यालय सिराहालगायत सरोकारवाला निकायलाई हातेमालो धार्मिक सहिष्णुता कार्यक्रम अन्तर्गत पहल पनि थाल्यों तर कुनै असर भएन झन् बढ्दो छ।"

विवाहमा ३० हजार रकम लिइने डिजे चर्को स्वरमा अश्लीले भोजपुरी गीत बजाएपछि प्रायः हरेक विवाहमा कुटपिट घटनाका कारण बनिरहेको डिजेलाई पूर्ण प्रतिवन्ध लगाउनुपर्ने अनेरास्ववियुका नेता लक्ष्मीनारायण यादवको माग छ। उनले भने, "दाइजो प्रथाले त दुलही पक्ष तनावमा त हुन्छ नै, डिजे बजाएर गाउँमा जन्ती (बराती) लिएर आएपछि झन् तनाव सिर्जना भइरहेको छ। न दाइजो हट्यो न डिजे बन्द भयो। डिजेको प्रयोग हुन थालेपछि तराई मधेशमा भइरहेको विवाहमा तडकभडक बढेर अर्को विकृति भित्रिएको छ।"

**दाइजोसँगै बढेको तडकभडक विवाहको**

एउटा आयाम डिजे विकृति र मृत्यु भोजलगायत सामाजिक विकृति नियन्त्रणबाहिर रहेको प्रदेश सभा सदस्यद्वय ललिता दास र राजेन्द्रप्रसाद चौधरीले स्वीकार गर्दै यसको नियन्त्रणका लागि मधेश प्रदेश सभाको आउने बैठकमा जोडदार आवाज उठाएर कानुन निर्माणका लागि पहल थालिने विश्वास व्यक्त गरे। उनले थपे "विवाह आचारसंहिताको कानुन बनाएर विकृतिमुक्त समाज निर्माणका लागि दाइजो प्रथाको अन्त्य हुन आवश्यक

**–बाँकी दुई पेजमा**




### उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं

**वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमाः**

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ।

**त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य,**
**आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## पाका नेता केसीको कटाक्ष

प्रधानमन्त्री पुष्पकमल दाहालले अपेक्षा गरेअनुसार नै प्रतिनिधि सभाबाट 'विश्वासको मत' पाएका छन्। गठबन्धनका माहिर खेलाडी दाहालका पक्षमा सजिलै बहुमत पुग्यो। गत २०७९ मा प्रतिनिधि सभाको निर्वाचनपछि दाहालले तेस्रोपटक विश्वासको मत लिएका हुन्। पटकैपिच्छे उनीप्रति विश्वास गर्ने सांसद्को संख्या घट्दै गए पनि अहिलेका सबै दलको समर्थन पाइरहेमा उनको सरकारमाथि संकट पर्नेछैन। उनको १५ महिने शासनकालमा देखिएको टड्कारो परिवर्तन के हो भने एकातिर प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिनेहरूको संख्या घटेको छ भने अर्कातिर उनको आलोचना गर्नेहरू भने बढ्दै गएका छन्। विश्वासको मतसम्बन्धी प्रस्तावमा बोल्ने क्रममा सत्तारूढ दलकै सदस्यले समेत दाहालको प्रवृत्तिलाई 'अनैतिकता'को संज्ञा दिएका छन्। सत्ताबाट बाहिरिएका दलका नेताले त स्वाभाविकरूपमा आलोचना गर्ने नै भए। पाका सांसद चित्रबहादुर केसीले भने खरो टिप्पणी गरेका छन् जसले यथार्थको चित्रण गरेको छ। यसैले मननीय छ।

सांसद केसीले अहिले जसरी पनि चुनाव जित्ने र सरकारमा जाने प्रवृत्तिका कारण राजनीतिक दलहरू बदनाम भएको भन्दै सरकार गठनमा देखिएका यावत् विकृतिहरूको पोल खोलेका छन्। संसद्का पाका, इमानदार र खरा छवि भएका सांसद केसीले राजनीतिलाई 'सुन चोर्न, सहकारी चोर्न र मिटरब्याजी धन्धा चलाउन' प्रयोग गरिएको भन्दै कटाक्ष गरेका छन्। पाका सांसद केसीले आफ्नो मन्तव्यका क्रममा प्रयोग गरेका कतिपय शब्दहरू 'असंसदीय' ठानिनसक्लान् तर तिनलाई 'असत्य' भन्ने आँट कुनै सांसदले गरेको देखिएन। अर्थात्, केसीको कटाक्ष अप्रिय भए पनि सत्यमा आधारित थियो। केसीले यो आरोप 'भाइरल' हुने लोभमा लगाएका त पक्कै होइनन्। सत्तामा पटकपटक पुगेकाहरूको आर्थिक हैसियत र जीवनशैली कल्पनै गर्न नसकिने गरी केही वर्षमै बदलिएको त सबैले छर्लङ्गै देखेकै छन्। अनि कसरी गर्ने केसीको प्रतिवाद ?

कतिपय राजनीतिक नेताका सन्तान आर्थिक अपराधमा आरोपित छन्। तिनले सार्वजनिक पदमा बहाल आफ्ना पिता वा निकट आफन्तको पद र प्रभावको दुरुपयोग गरेको र कतिपय अवस्थामा त राज्यको उच्च पदमा रहेकाहरु नै तस्करलगायतका अपराधीहरूको मतियार देखिएको समाचार सप्रमाण सार्वजनिक भएको छ। विडम्बना, अपराधीका मतियारहरू कारबाहीमा पर्नुको साटो पुरस्कृत हुँदैआएका छन्। राजनीतिक दलका नेताहरू र तिनका आफन्तको गम्भीर अपराधमा संलग्नता स्पष्टरूपमा पुष्टि हुँदासमेत अपराध नियन्त्रणमा सक्रिय हुनुपर्ने राज्यका संयन्त्रका पदाधिकारी भने तमासा हेरेर बसेका छन्। अनि कुन नैतिकताका आधारमा केसीका कटाक्षको प्रतिवाद गर्ने? राज्यका लोकतान्त्रिक संरचना ध्वस्त पारेर लोकतन्त्र र सुशासनको नारा भट्याउनेहरूले सक्छन् भने सांसद चित्रबहादुर केसीको आरोपहरू खण्डन गरेर देखाउन्। कम्तीमा अपराधमा प्रत्यक्ष संलग्न देखिएका वा आरोप लागेकाहरूलाई मुद्दा किनारा नलागुन्जेल राज्यका निर्णायक पदमा नियुक्त त नगर !

# सरकारले जथाभावी गरेमा सांसदहरू रमिते बन्न मिल्दैन

**सूर्य थापा**

गत निर्वाचनमा प्युठानी जनताको अभिमत लिएर सांसदका हैसियतमा म प्रतिनिधिसभामा पहिलोपटक प्रवेश गरेको हुँ। अघिल्लो हिउँदे अधिवेशन मेरा लागि सिकाइकै अधिवेशन रह्यो। विधि निर्माणका हिसाबले यसबीचमा संसदीय कारबाही प्रभावकारी र सन्तोषजनक हुन नसकेको जगजाहेरै छ। बितेका डेढ वर्षमा संसद्लाई सरकारले पर्याप्त 'बिजनेस' दिन सकेन। यस अवधिमा विनियोजन विधेयकबाहेक मिटरब्याज (अनुचिन लेनदेन) सम्बन्धी एउटा मात्रै विधेयक पारित हुन सकेको अवस्था बन्यो।

संसदीय परम्परामा संसद्लाई प्रभावकारी बनाउने काम सरकारको क्रियाशीलतामा भर पर्छ। यो बीचमा संसदीय समिति पनि प्रभावकारीरुपमा चल्न सकेनन्। त्यसो त सांसदले गैह्रसरकारी विधेयकका रुपमा पनि कानुनको मस्यौदा संसद्मा पेस गर्न सक्ने हाम्रो नियमावलीमा व्यवस्था नभएको होइन तर नेपालजस्तो मुलुकमा यो अभ्यास वीरलै छ। दर्ता भएका गैह्रसरकारी विधेयकले पनि गति लिन सकेका छैनन्। हुनत संसद्लाई बिजनेस दिने काम सरकारको मात्रै हो भनेर हामीहरू पानीमाथिको ओभानो बन्न मिल्दैन। यसमा सत्ता पक्ष, प्रतिपक्ष, सभामुख, समितिका सभापति र हामी सांसदको पनि रचनात्मक र सक्रिय भूमिका आवश्यक पर्छ।

हालै सत्ता पक्ष र विपक्षको भूमिकामा फेरबदल आएको छ। एक प्रकारले भन्ने हो भने मुलुकमा राजनीतिको रोटेपिङ चलेको छ। नयाँ परिस्थितिमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई प्रतिनिधिसभामा हाम्रो नयाँ गठबन्धनका तर्फबाट विश्वासको मत दिइएको छ। गत निर्वाचनमा प्रतिस्पर्धामा रहँदा विपक्षीमा रहेका हामी २०७९ पुस १० गते प्रधानमन्त्रीमा दाहाललाई नियुक्त गराउँदा सत्ता पक्षमा थियौँ, त्यसको दुई महिनापछि विपक्षीमा पुग्यौँ। अहिले फेरि सत्ता पक्ष हुन पुगेका छौँ।

कुनै पनि दलको बहुमत नआएको अवस्थामा मुलुकको स्थिरताका लागि दुई ठुला दलको सहकार्य हुनुपर्छ भन्ने मेरो व्यक्तिगत मत थियो तर पार्टीको निर्णय सर्वोपरि हुन्छ। विगतका गल्ती कमजोरीबाट वामपन्थी पार्टीहरूले पाठ सिकेर नयाँ शिराका साथ सहकार्य गर्ने भन्ने कुरा आएकाले हामी आशावादी हुनुपर्छ। अघिल्लो गठबन्धनमा मन्त्री भएर हालै बाहिरिएर पुनः यस गठबन्धनलाई समर्थन गरेका सांसद महिन्द्रराय यादवले विश्वासको मत माग्ने क्रममा अघिल्लो गठबन्धन अप्राकृतिक र यो गठबन्धन प्राकृतिक हो भन्नुभएको छ। प्रधानमन्त्री दाहाल स्वयंले उच्चस्तरको सहमतिबाट 'हाइजम्प' का आधारमा नयाँ गठबन्धन बनाइएको र सही बाटोमा अघि बढेको बताइसक्नुभएको छ। प्रधानमन्त्रीले विगतका कमजोरीलाई आत्मसात् गरेर देश र जनताका लागि काम गर्न साँच्चिकै अग्रसर हुन खोज्नुभएको हो भने हामीले पूर्णरुपमा साथ दिन्छौँ। सबैलाई राम्रो ठानेर 'नाइस टु अल' भन्ने भावना प्रधानमन्त्रीले लिनुपर्दछ। उहाँले प्राप्त स्वर्णिम अवसरलाई सदुपयोग गर्नसक्नुपर्दछ।

एक सांसदका रुपमा त सत्ता पक्षमा भन्दा विपक्षमा रहँदा नै प्रभावकारीरुपमा तथ्य र तर्कका साथ राष्ट्रिय मुद्दा, जनताका सरोकार र आफ्ना क्षेत्रका सवालमा कुरा राख्ने अवसर हुन्छ। सत्ता पक्षमा हुँदा कतिपय अवस्थामा त्यस्तो अवसर हुँदैन। तर सत्ता पक्षमा हुँदा पनि जनसरोकारका मुद्दामा सांसदले प्रस्तुति दिँदा खुम्चनुपर्छ जस्तो मलाई लाग्दैन। हामी मार्क्सवादी तथ्यका आधारमा सत्यमा पुग्ने भएकाले वस्तुगत आधारमा विषयवस्तुलाई हेर्छौं। हामीले सरकारबाट राम्रो काम हुँदा धन्यवाद दिन्छौँ। नराम्रो काम हुँदा आँखा चिम्लेर बस्दैनौँ। सेतोलाई कालो भन्न हामी बाध्य हुने छैनौँ। मेरो अनुभवकै कुरा गर्दा विपक्षमा रहँदा संसद्मा प्रधामन्त्रीसँग सांसदका प्रश्नोत्तरलाई प्रभावकारी बनाउन पार्टीका तर्फबाट भूमिका खेल्न सकेँ भन्ने लाग्छ।


एउटा उदाहरण, भारत भ्रमणबाट फर्किएपछि प्रधानमन्त्री दाहालले संसद्को रोष्ट्रममा उभिएर सम्बोधन गर्नेक्रममा अघिल्लो संसद्ले पारित गरेको नागरिकता विधेयक नयाँ राष्ट्रपतिबाट प्रमाणीकरण भएको विषयमा जवाफ दिँदा उहाँले संविधानको गलत व्याख्या गरेको भन्दै मैले नियमापत्ति गरेपछि सवालजवाफ हुँदा ४२ मिनेटसम्म प्रधानमन्त्री रोष्ट्रममै उभिनुपरेको थियो। संसद्लाई प्रधानमन्त्रीले समय दिनुपर्छ भन्ने आधारमा मैले प्रधानमन्त्रीको खोजी गरिपाउँ भनेर पनि पार्टीका तर्फबाट चर्को आवाज उठाएँ। रुसी सेनामा लुकिछिपी पुगेका नेपालीको खोजी–उद्धारका लागि सरकारलाई सशक्त दबाब दिएँ।

राज्यका तीन महत्वपूर्ण अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई शक्ति पृथकीकरणको सिद्धान्तअनुसार संविधानले जसरी कार्य क्षेत्र निर्धारण गरेको छ, त्यसबमोजिम सन्तुलत र समन्वय हुन सकेको छैन। फौजदारी मुद्दामा अदालतबाट दोषी ठहर भएका व्यक्तिलाई राष्ट्रपतिबाट कैद मिनाहा हुनेजस्ता अधिकार क्षेत्रको सीमा उल्लंघनका कामहरू भएका छन्। संसद्बाट पारित विनियोजन विधेयकका सम्बन्धमा सर्वोच्च अदालतबाट कारण देखाउ आदेश जारी हुने, त्यस आदेशबारे संसद्मा बोल्दा मलगायत चार सांसदमाथि मानहानीका मुद्दा लगाइनेजस्ता कार्यहरू भएका छन्। सर्वोच्च अदालतले आफूलाई व्यवस्थापिकाभन्दा माथि सोच्न मिल्दैन।

व्यवस्थापिकाले संविधानसँग बाझिने खालका कानुन बनाएको हकमा त्यस प्रकारको व्याख्यासम्म गर्न उसले पाउँछ तर संसद्बाट पारित विनियोजन विधेयकमा प्रश्न उठाउन मिल्दैन। बजेट विनियोजन नितान्त जनताका प्रतिनिधिको अधिकार हो। यो अधिकारविरुद्धका मुद्दा अदालतले दरपीठ गर्नु पर्दथ्यो।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम भनेको सांसदले व्यक्तिगत खर्च गर्ने कोष होइन। जनताका आवश्यकता र योजनाका आधारमा सांसदको सिफारिसमा सम्बन्धित मन्त्रालय र स्थानीय तहले यसको कार्यान्वयन गर्ने हो। हाम्रोजस्तो मुलुकमा सांसदले कानुन बनाएर मात्रै बस्न पाउने स्थिति छैन। उसले जनताका आवश्यकता र चाहनाको सम्बोधन गराउन पहल गर्नैपर्छ। प्रधानमन्त्री, अर्थमन्त्री वा निश्चित शीर्ष नेताका क्षेत्रमा बजेट थुप्रिएको भनेर एक महिनासम्म संसद्मा बोल्नुपर्ने मुलुकमा संयुक्त राज्य अमेरिकाको जस्तो संसदीय अभ्यासको कुरा गरेर हुँदैन। सत्तामा बस्नेले जथाभावी गर्ने र सांसदहरू रमिते बन्ने हो भने जनताका आवाज कसले बोल्ने ? त्यसैले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको निरन्तरता हुनुपर्छ र यसमा अदालती हस्तक्षेप हुनुहुँदैन। सरकार स्वेच्छाचारी हुँदा संसद् र न्यायपालिकाले त्यसलाई रोक्नुपर्नेमा कतिपय सवालमा अदालतले सरकारलाई स्वेच्छाचारी हुन सघाएका उदाहरण पनि छन्। न्यायिक सम्पादनका क्रममा अदालतलाई पनि सरकारले आवश्यक पूर्वाधार र जनशक्ति दिन सकेको छैन, त्यसका ध्यान जानुपर्छ। जनताले समयमा न्याय पाउने वातावरण बन्नुपर्छ। संविधानले दिएको सीमा र कार्यक्षेत्रमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका रहनुपर्छ।

# सुत्दा घुर्ने समस्याले दम्पतीको सम्बन्धमा कति असर गर्छ ?



सुन्दा सामान्य लाग्नसक्छ। तर राति सुत्दा घुर्ने समस्याले कहिलेकाहीं सम्बन्धमै चिसोपन ल्याउँछ, खासगरी दम्पतीको हकमा। चिकित्सकहरु भन्छन्, 'चर्को घुर्ने बानी आफैंमा रोग हो। यसलाई मेडिकल भाषामा 'अब्सट्रक्टिभ स्ली एप्निया' भन्छ। विज्ञका अनुसार यस स्थितिमा सास फेर्ने क्रममा अवरोध आउँछ। यो रोगको कारण गलाको मांसपेशी खुल्ने र खुम्चिने हुन्छ। यसले गर्दा सामान्य रुपले सास फेर्न असहज हुन्छ। र, शरीरमा अक्सिजन प्रवाह कम हुन्छ। स्लीप एप्नियाको लक्षण एकनास भने हुँदैन। यो आशिंक, मध्यम र गम्भीर किसिमको हुन्छ। धेरैजसो समयक्रममा गम्भीर हुँदै जान्छ। यदि समयमै उपचार गरिएन भने घुर्ने समस्याले शारीरिक र मानसिक समस्या निम्त्याउँछ। खासगरी आफ्नो पार्टनरलाई यसले असहज बनाउँछ।

**स्वास्थ्य समस्या**

अब्सट्रक्टिभ स्लीप एप्नियाले स्वास्थ्यसम्बन्धी अरु समस्या पनि निम्त्याउँछ। विशेषज्ञको चेतावनी छ– यसको कारण रगतमा अचानक अक्सिजनको कमी हुनसक्छ र उच्च रक्तचाप बढ्न सक्छ। कतिपय अध्ययनमा के पाइएको छ भने घुर्ने समस्याले मुटुरोग र हृदयघातको जोखिम उच्च बनाइदिन्छ। अर्कोतर्फ यसले दम्पतीको सम्बन्धमा पनि तगारो ल्याउने गरेको छ। श्रीमान् वा श्रीमतीमध्ये एकजना चर्को घुर्ने गर्छन् भने पार्टनरले राम्ररी सुत्न वा निद्रा लिन सक्दैनन्। एकसाथ सुत्न कठिन हुन्छ। यसले निद्रा बिथोलिने त छँदैछ, दम्पतीबीच कलह पनि पैदा गर्न सक्छ। घुर्ने समस्याकै कारण कतिपय दम्पती अलग–अलग सुत्ने गरेको पाइन्छ।

**गम्भीर समस्या**

ब्रिटिश स्नोरिङ एण्ड स्लीप एप्निया एसोसिएसनका अनुसार बेलायतमा डेढ करोड मानिस चर्को स्वरमा घुर्ने गर्छन्। यसले तीन करोड व्यक्ति घुर्ने समस्याको झन्झन्ट झेलिरहेका छन्। हालैको एक सर्वेक्षणअनुसार यसरी घुर्नेमा पुरुषको संख्या बढी छ र त्यसबाट उत्पन्न असर महिलामा बढी छ। अमेरिका र बेलायतमा घुर्ने समस्याकै कारण कतिले सम्बन्ध विच्छेद पनि गरेका छन्। यद्यपि यसको तथ्यांक पाउन भने कठिन छ। बेलायतमा रहने एक पारिवारिक वकिलका अनुसार हाल उनले हेरिरहेको मुद्दामध्ये केही मुद्दा घुर्ने समस्यासम्बन्धी छ। उनका अनुसार दम्पतीबीच हुने कलहमा घुर्ने कारण पनि समावेश छ। सामान्य लागे पनि यो समस्याले दम्पतीलाई एकसाथ सुत्न अवरोध गर्छ। सुत्ने ओछ्यान मात्र होइन, कोठा नै अलग–अलग बनाउनुपर्ने बाध्यता हुन्छ।

**यो समस्याबाट कसरी छुटकारा पाउने ?**

स्लिप एप्नियाबाट बच्नका लागि सबैभन्दा ध्यान दिनुपर्ने कुरा हो, जीवनशैलीमा सुधार।

- तौल नियन्त्रण गर्ने
- चुरोट तान्न छाड्ने
- रक्सीको मात्रा घटाउने वा सकेसम्म नपिउने

कतिपयलाई भने यतिले मात्र पुग्दैन, यन्त्रकै सहारा लिनुपर्ने हुनसक्छ। यस्तो यन्त्रले सुत्ने समयमा एक किसिमको मास्क लगाइन्छ, जसको मद्दतले सास फेर्ने क्रममा अवरोध हुन दिंदैन। विज्ञहरुको सुझाव छ– यदि घुर्ने समस्याले असहज बनाएको छ भने चिकित्सकको सल्लाह लिन र उचित उपचार गर्न जरुरी छ।बीबीसीबाट

## *'डिजे' नियन्त्रण...*

छ। छोरी वहिनीको विवाहका लागि वैदेशिक रोजगारीमा जानुपर्ने, मिटरव्याजीसँग चर्को व्याजमा ऋण लिनुपर्ने बाध्यताले समाजमा ठुलो समस्या देखिएको छ।" डिजेलाई बन्द र दाइजोमुक्त वडा घोषणा गर्न सिरहाका १७ वटै पालिकासँग विविध कार्यक्रममा सरोकारवाला निकायका अगुवासमक्ष राखे पनि कुनै सुनुवाइ हुन नसकिरहेको महिला मानव अधिकारकर्मी रेणु कर्ण यादवले बताए।

# बारामा १ वर्षमा ६३ जना नयाँ कुष्ठ रोगी, मधेस प्रदेशका ८ जिल्लामा सर्लाही पहिलो नम्बरमा




बारा, १ चैत्र। बारा जिल्लामा १ वर्षको अवधिमा ६३ जना नयाँ कुष्ठ रोगी फेला परेका छन्। २०७९ साउनदेखि २०८० असारसम्ममा जिल्लाको १६ वटा पालिकामा ६३ जना नयाँ कुष्ठ रोगी फेला परेका हुन्। जसमध्ये पचरौता नगरपालिकामा ९ जना, कलैया उपमहानगर र कोल्हवी नगरपालिकामा ८–८ जना, आदर्श कोतवाल गाउँपालिकामा ६ जना, जीतपुर सिमरामा ५ जना रहेका छन्। जिल्लाका अन्य पालिकामा भने नयाँ थपिएका बिरामी संख्या ५ जना भन्दा कम रहेको छ।

यो तथ्यांक मधेस प्रदेशका ८ जिल्ला मध्ये चौथो स्थानमा पर्दछ। प्रति १० हजारमा रौतहटमा १ दशमलव ७५ जना, पर्सा जिल्लामा १ दशमलव ७१ जना, धनुषामा १ दशमलव ५५ जना, बारामा १ दशमलव ४६ जना, सिराहामा १ दशमलव ४१ जना, महोत्तरीमा १ दशमलव २० जना, सर्लाहीमा १ दशमलव १३ जना रहेका छन्। सबैभन्दा कम सप्तरी जिल्लामा प्रति १० हजार जनसंख्यामा १ जना भन्दा कम अर्थात ० दशमलव ७५ जनामा कुष्ठरोगको सङ्क्रमण देखिएको छ। 'द लिप्रोसी मिसन नेपाल' ले सिमरामा आयोजना गरेको एक कार्यक्रममा सो तथ्यांक सार्वजनिक गरेको हो। द लिप्रोसी मिसनले सार्वजनिक गरेको तथ्यांकमा देशभरका ७ वटा प्रदेश मध्ये मधेस प्रदेश पहिलो नम्बरमा रहेको छ भने लुम्बिनी र सुदूरपश्चिम प्रदेश दोस्रो र तेस्रो स्थानमा रहेका छन्।आर्थिक वर्ष २०७९–०८० का तथ्यांक अनुसार देशभर कुष्ठ रोगीको संख्या २ हजार ५ सय २२ रहेको छ।

विगतमा कुष्ठ रोगी भन्ने बित्तिकै तराईतिर जङ्गलमा लगेर छोड्दिने प्रचलन भए पनि पछिल्लो समय सरकारले यो रोगको सम्पूर्ण उपचार निःशुल्क गर्न थालेपछि कुष्ठरोगका सङ्क्रमितहरू अस्पतालसम्म आउने गरेको लेप्रोसी मिसन नेपालका प्राविधिक डाक्टर प्रकाश पौडेलले बताएका छन्। 'पहिला भन्दा अहिले धेरै सुधारोन्मुख छ, यो रोग बिशेषगरी तराईतिर पिछडिएर रहेका मुसहर, माझी र दलित बस्तीहरूमा बढी देखिएको छ' डा. पौडेलले भने। कुष्ठरोग रोगीले सास फेर्दा, बोल्दा, हाच्छिउँ गर्दा वा खोक्दा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ।

श्वासप्रश्वासको माध्यमबाट सर्ने यो रोग लागेमा मानिसलाई अंगभंग बनाइदिन्छ। शरीरका विभिन्न भागमा नचिलाउने खालका लाटा फुस्रा दाग, धब्बा देखिएमा तुरुन्त स्वास्थ्य संस्था जाँच गर्न डाक्टर पौडेलले सबैमा अनुरोध गरेका छन्। छालामा रातो वा फुस्रो रङ्कको दाग देखा परेमा, अनुहारको छाला र कानको लोती बाक्लो र चम्किलो देखिएमा, शरीरका विभिन्न भागमा गिर्खा देखिएमा कुष्ठरोग शंका गर्न सकिन्छ। यस्तै आँखी भौं झरेमा वा पातलो भएमा, हात खुट्टाका औँलाहरू बांगो भएमा, हात खुट्टा लत्रिएमा, हत्केला वा पैतालामा नदुख्ने घाउ देखा परेमा, हत्केलाका मांसपेशीहरू सुकेर गएमा र नाक थेप्चो भएको आधारमा कुष्ठरोग लागेको भनी शंका गर्नुपर्ने डा. पौडेलले बताए।

यो रोग एकव्यक्तिबाट अर्को व्यक्तिमा सरेको २ देखी ५ वर्षपछि मात्रै लक्षण देखा पर्दछ। यसको परीक्षण गरी नियमित औषधी सेवन गर्दा अङ्कभङ्क हुनबाट मानिसलाई जोगाउन सकिन्छ। माइकोब्याक्टेरियम लेप्रे र माइक्रोब्याक्टेरियम लेप्रोम्याटोसिस जीवाणु (ब्याक्टेरिया) को कारणले मानिसमा कुष्टरोग लाग्ने गर्दछ। सङ्क्रमण हुँदा सुरुसुरुमा कुनै लक्षण देखा पर्दैन तर यसको लक्षणहरूमा स्नायुहरू, श्वासप्रश्वास मार्ग, छाला, र आँखामा समस्या हुने गर्दछ। यो रोगको प्रारम्भिक वा जटिल अवस्था के छ चेकजाँच पश्चात् मात्रै ६ देखि २४ महिना औषधी सेवन गर्नु पर्ने डा. पौडेलको भनाई छ। कुष्ठरोगको औषधी सरकारी स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ।

द लेप्रोसी मिसनले सञ्चारकर्मीहरूका लागि आयोजना गरेको अभिमुखी कार्यक्रममा नेपाल पत्रकार महासंघ बाराका अध्यक्ष रेशम तिवारी, पूर्व अध्यक्ष गुरु प्रसाद गौतम्, जिल्ला जनस्वास्थ्य कार्यालय बाराका कुष्ठरोग अधिकृत शम्भुलाल कर्ण र दि लेप्रोसी मिसन नेपालका जिल्ला सहजकर्ता रामहरि रेग्मी लगायतको सहभागिता थियो।

# आन्दोलन छोडेर परीक्षा सञ्चालन गर्न कार्यवाहक मेयर खातुनको आग्रह

**सञ्जय मिश्रा**

रौतहट, १ चैत। लामो समयदेखि अनेक विवादको घेरामा रहेको रौतहटको फतुवा बिजयपुर नगरपालिकाका शिक्षकहरुले तलबको लागि बर्षीक परीक्षा बहिष्कार गरेपछि ६ हजार विद्यार्थी परीक्षाबाट बञ्चित भएका छन्। शिक्षकको बहिष्कारको कारण नगरक्षेत्र अन्तर्गत ३२ विद्यालयमा अध्ययनरत कक्षा १ देखि ९ सम्मका झण्डै ६ हजार बालबालिका बार्षिक परीक्षा दिनबाट वञ्चित भएका हुन्। नगर शिक्षा संयोजक राधेश्याम यादवको अध्यक्षतामा केहीबेर अघि माध्यामिक विद्यालय दुधिअवाको प्राङ्गणमा सम्पन्न बैठकले बुधबार निर्णय गरिए अनुसार बार्षिक परीक्षा बहिष्कार यथावत राख्ने सहमति भएको हो।

फतुवा बिजयपुरमा नगरपालिका स्थापना भएदेखि नै आफ्नै तलब पाउन प्रत्येक बर्ष आन्दोलन गर्नुपर्ने बाध्यताको अन्त्यका लागि यसपटक परीक्षा बहिष्कार गर्ने भएको निर्णयलाई सर्वसहमतिले कार्यान्वयन गर्ने बैठकमा सल्लाह भएको शिक्षा संयोजक यादवले जानकारी दिएका छन्। बैठकमा मा.बि दुधिअवा प्रधानाध्यापक रवीन्द्र साह, मावि बिजयपुर शंकर राय, हिमालीवास बाबुराम आचार्य, शितलपुर माविका बुनिलाल यादव, निमावि डुमरियाका सन्तोष जयसवाल, निमावि भैसहीका अशोक जयसवाल, निमावि लक्ष्मिनियाका जयकिशोर साह, निमावि बैरगनियाका प्रधानाध्यापक रामनाथ यादव लगायत शिक्षकहरूको सहभागिता रहेको थियो।

त्यसैगरी फतुवा विजयपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानले आगामी ४ गते नगरक्षेत्रका सम्पूर्ण शिक्षक कर्मचारीको तलब खातामा जाने दोहोऱ्याएका थिए। 'लामो समयदेखि अवरुद्ध नगरको काममा लागि रहेका छौं, शिक्षक कर्मचारीको तलब निकासाको प्रक्रियाअगाडि बढेको छ, तथापि ४ गते आइतबार सबैको खातामा जानेछ,' उपसचिव प्रधानले पुनः प्रतिवद्धता जनाए। फतुवा बिजयपुरमा नेपाली कांग्रेस बाट निर्वाचित मेयर गोपाल राय यादव नदीको टेण्डरमा दोषी ठहर भएर अख्तियार द्वारा दण्डित भई उनको पद रिक्त भएपछि गत आर्थिक वर्षदेखि सोही पार्टी बाट निर्वाचित उपमेयर अम्बेया खातुन कार्यवाहकको जिम्मेवारी पाएकी हुन्।११ वडा रहेको फतुवा विजयपुरमा ८ वडा सहित कांग्रेस पूर्ण बहुमतमा रहेको छ।

कार्यबाहक मेयर खातुनले आन्दोलन छोडेर वार्षिक परीक्षा सञ्चालन गर्न सम्पूर्ण शिक्षकहरूलाई आग्रह गरेकी छन्। बालबालिकाको भविष्यको सवाल भएकाले मेयर खातुनले निर्धारित समयमा परीक्षा सञ्चालन गर्न सम्पूर्ण शिक्षकहरूलाई आग्रह गरेकी हुन्।

# प्रदेश लोकसेवा आयोग पदाधिकारीविहीन, नियुक्ति सिफारिसको प्रक्रिया ठप्प

**धीरेन्द्रप्रसाद साह**

जनकपुर, १ चैत्र। प्रदेश लोक सेवा आयोग मधेश प्रदेश आयोगविहीन (पदाधिकारीविहीन) छ। मधेश प्रदेश सरकारले पदाधिकारी नियुक्ति नगर्दा आयोगविहीन अवस्थामा पुगेको हो। आयोगमा पदाधिकारी नहुँदा पछिल्लो नौ दिनदेखि कर्मचारी नियुक्ति सिफारिसका सम्पूर्ण प्रक्रिया ठप्प छ। प्रदेशमा अध्यक्ष एक र दुई सदस्य गरी तीन जनाको प्रदेश लोकसेवा आयोग रहने प्रदेश लोकसेवा आयोग ऐन २०७६ दफा ३ को उपदफा १ मा व्यवस्था गरेको छ। अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्ष तोकेको छ। सोहीअनुसार अध्यक्ष र सदस्यलाई नियुक्ति गरिएको थियो। तर उमेर हद नाघेको कारण अध्यक्ष सुरेन्द्रप्रसाद यादव २०८० फागुन २२ गते अवकाश प्राप्त गर्नुभएको आयोगका कार्यालयले जनाएको छ।

आयोगका अर्का सदस्य महारुद्र झा पनि उमेर हद नाघिसकेको कारण २०७९ पुस ३ गते अर्थात् एक वर्ष चार महिना अगाडी नै अवकाश प्राप्त गर्नुभएको छ। आयोगका पदाधिकारीमा डा. सुजाता देव मात्र एक जना सदस्य हुनुहुन्छ। पदाधिकारीको उमेर हद म्याद ६५ वर्ष तोकेको छ। आयोगले माग क्लेकशन (रिक्त दरबन्दी माग), विज्ञापन निकाल्ने, पाठ्यक्रम–प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, अन्तर्वार्ता र नियुक्तिका लागि सिफारिस गर्ने मुख्य काम रहेको प्रदेश लोकसेवा आयोगका प्रवक्ता उपसचिव गगेशगुञ्जन झाले जानकारी दिनुभयो। "आयोगले रिक्त दरबन्दीको मागदेखि सिफारिससम्म प्रत्येक कामको लागि प्रत्येक चरणमा नीतिगत निर्णय गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "नीतिगत निर्णय आयोगको बैठकले मात्र गर्न सक्छन्। यसको लागि अध्यक्ष र कम्तीमा एक जना सदस्य अनिवार्य हुनुपर्दछ। रिक्त भएको अध्यक्ष र एक जना सदस्यमा अहिलेसम्म कसैलाई नियुक्त नगरिएकोले आयोगको बैठक बस्न सकेको छैन।"

"आयोग विभिन्न तहका गरी एक लाखभन्दा बढी सहभागीको परीक्षा लिइसकेको जनाउँदै आयोगका सदस्य डा.सुजाता देवले उत्तरपुस्तिका परीक्षणको लागि आयोगको बैठकबाट निर्णय लिनुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "आयोग ( पदाधिकारी) छैन, निर्णय कसरी गर्छौं। उत्तरपुस्तिका परीक्षणको लागि आयोगको बैठकले दक्ष, विषय विशेषज्ञ मनोनयन–चयन गर्नु निर्णय लिनुपर्छ, उहाँले थप्नुभयो, आफू एक्लै छौँ, निर्णय कसरी गर्छौं। विज्ञ मनोनयन र उत्तरपुस्तिका परीक्षणको लागि नीतिगत निर्णय नहुँदा सो उत्तरपुस्तिकाको परीक्षण रोकिएको छ।" यस्तै, आयोगले विज्ञापन गरेको इन्जिनियरिङ, स्वास्थ्य, वन र कृषि सेवाका विभिन्न समूहमा करिब छ हजार आवेदन दर्ता भएको छ, आयोगका प्रवक्ता उपसचिव झाले चौंथौ, पाँचौं, सातौं र एघारौं तहका ती पाँच–छ वटा विज्ञापनको परीक्षाको मिति घोषणा गरिसकेको छ। यही वैशाखमा लिने परीक्षाको लागि पनि नीतिगत निर्णय लिनुपर्दा समस्या आउने सक्ने भएकाले परीक्षा नै स्थगन गर्नु पर्ने सम्भावना बढेको उहाँले बताउनुभयो।

आयोगमा पदाधिकारी नभएको कारण अहिले दक्ष, विज्ञ मनोनयन/चयन, परीक्षा सञ्चालन कार्य, परीक्षा भइसकेको विज्ञापनको उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, अन्तर्वार्ता सञ्चालन र नियुक्तिको लागि सिफारिस कार्य प्रभावित बनेको प्रवक्ता झाले बताउनुभयो। वि.सं २०७६ भदौ २२ गते स्थापना भएको मधेश प्रदेश लोक आयोगले आर्थिक वर्ष ०७७–०७८ देखि २०८०–०८१ सम्ममा चौथो, पाँचौं, सातौं र नवौं तहको खुला विज्ञापनबाट१७५ जना उत्तीर्ण उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिएको उहाँले बताउनुभयो। यस अवधिमा खुला ६४५ र बढुवा ३७५ गरी एक हजार २० जना(पद)को माग गरिएको छ। सहायक चौथौंदेखि माथि अधिकृत एघारौं तहसम्म विभिन्न सेवा समूहका गरी खुलामा ६४५ जना माग भएकोमा १७५ जनाको सिफारिस भइसकेको उहाँले बताउनुभयो।

यस्तै, बढुवाको ३७५ जनाको माग भएकोमा सबैको विज्ञापन भइसकेको उहाँले बढुवा समितिका अध्यक्षमा आयोगका सदस्य वा अध्यक्ष रहने व्यवस्था रहेकोले सोको निर्णय पनि आयोगको बैठकले गर्नुपर्नेमा उक्त कार्य पनि प्रभावित बनेको उहाँले बताउनुभयो। पदाधिकारी नभएर आयोगको काम कारबाही प्रभावित बनेको सम्बन्धमा मुख्यमन्त्री र सभामुखलाई मौखिक रूपमा जानकारी गराइसकेको आयोगका सदस्य डा. देवले बताउनुभयो। उहाँहरू नियुक्तिको लागि चाडै पहल गर्नुहुन्छ भने विश्वास रहेको उहाँको कथन छ।

### ऐनमा नियुक्तिको व्यवस्था

प्रदेश लोक सेवा आयोगमा अध्यक्ष र सदस्य नियुक्तिको लागि ऐनमा सिफारिस समिति रहने व्यवस्था गरेको छ। प्रदेश लोक सेवा आयोग २०७६ को दफा ३ को उपदफा २ मा प्रदेश सरकारका मुख्यमन्त्री अध्यक्ष, प्रदेश सभाका सभामुख सदस्य र प्रदेश सभाका विपक्षी दलको नेता सदस्य रहने गरी सिफारिस समितिको व्यवस्था गरेको छ। समितिमा प्रदेश सरकारका प्रमुख सचिव सदस्य सचिव रहने पनि व्यवस्था छ। सिफारिस समितिले महिला सहित समावेशी सिद्धान्तको आधारमा अध्यक्ष र सदस्य नियुक्तिको लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने व्यवस्था गरिएको छ।

यस सम्बन्धमा मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का प्रमुख सचिव दिनेशकुमार घिमिरेले पदाधिकारी रिक्त रहेको सम्बन्धमा आयोगले जानकारी गराइसकेको बताउनुभयो। पदाधिकारी रिक्त रहेको सम्बन्धमा मुख्यमन्त्री सरोजकुमार यादवले नोटिसमा लिइसक्नु भएको उहाँले भन्नुभयो, चाँडै नै सिफारिस समितिको बैठक बसेर नियुक्ति प्रक्रिया अगाडि बढाइनेछ।

## *महिलाले नै ...*

दाइजो मागेको होइन, यो पितृसत्तात्मक व्यवस्था भएकाले चाहेर पनि महिलाहरू घरका पुरुषको सामुन्ने कुरा काट्न नसकेको मात्रै हो। दाइजो प्रथा जसरी बढिरहेको छ, यसको अन्त्यका लागि सरकारी निकायबाट नै विवाहको शैली नै बदलिन आवश्यक छ।' हरेक पालिकामा उपप्रमुख/उपाध्यक्ष प्रायः महिला नै रहेका छन्। उनीहरू न्यायिक समितिको संयोजक भए पनि विवाहमा खुलेआम दाइजो लिएको दिएको विषयमा कुनै चासो नलिनु थप दुःखद भएको नागरिक अगुवा रामविहारी साहको भनाइ छ। उनले भने, "दाइजोविरुद्ध सामाजिक जागरण आवश्यक छ। मधेश प्रदेश सरकार र स्थानीय सरकार मिलेर दाइजो अन्त्य गर्न संयुक्त रूपमा प्रभावकारी पाइला नचाले यसले भयावह अवस्था आउने छ।'

छोरालाई महँगो शिक्षा दिन, महँगो उपचार गराउन र छोरी, बहिनीको विवाह गर्न साहु महाजनसँग लिएको चर्को व्याजको ऋणकर्जा तिर्नका लागि दुई दशकसम्म वैदेशिक रोजगारीमा जानु वाध्यता रहेको मानव अधिकारवादी राजकुमार राउतको भनाइ छ। उनी दाइजो हटाउन घरका महिलाले अगाडि बढ्नुपर्ने बताए। दाइजो अन्त्य हुनु पर्छ भने आवाज सबैले उठाए पनि इमानदार प्रयास कहाँबाट हुन नसकिरहेको वरिष्ठ पत्रकार तथा लेखक रामरिझन यादव बताए। उनले भने, "यसका लागि राजनीतिज्ञ, समाजसेवी र सामान्य महिला सक्रिय हुँदै अभियान चलाउन जरुरी छ। अरूको सम्पत्ति लिएर रमाउनेलाई समाजले बहिष्कार गर्न सक्नु पर्छ।'

देशभरका सुरक्षा अधिकारीलाई गृहमन्त्रीले भने—

# अब तस्करी र गुन्डागर्दी रोक्न निर्देशन नकुर्नू



काठमाडौं, १ चैत्र। गृहमन्त्री रवि लामिछानेले देशभरका जिल्ला सुरक्षा समितिका अधिकारीहरूलाई तीन महिनाभित्र गृहका हरेक सूचक माथि जाने गरी काम गर्न निर्देशन दिएका छन्। बिहीबार साँझ गृह मन्त्रालबाट ७७ जिल्लाकै जिल्ला सुरक्षा समितिका अधिकारीहरूलाई भर्चुअलरूपमा सम्बोधन गर्दै गृहमन्त्री लामिछानले भोलिदेखि नै नागरिकले गृह मन्त्रालयको नेतृत्व फेरिएको महसुस गर्ने गरी काम गर्न निर्देशन दिए। “अबको ९० दिनमा गृह मन्त्रालयका हरेक सूचक माथि जानुपर्छ। गएन भने गम्भीर समीक्षा हुन्छ। र, काममा आलटाल गर्ने, निर्देशन पालना र लक्ष्य पूरा नगर्नेको मूल्यांकन हुन्छ,“ उनले भने।

उनले तस्करी नियन्त्रण गर्न, सुरक्षा कायम गर्न, प्राकृतिक स्रोतको दोहन नियन्त्रण गर्न र गुन्डागर्दी नियन्त्रण गर्न कसैको निर्देशन नकुर्न पनि भनेका छन्। “चोटाकोठामा दौडने काम हाम्रो हो, सेवाग्राहीको होइन। तस्करी नियन्त्रण गर्न, सुरक्षा कायम गर्न, प्राकृतिक स्रोतको दोहन नियन्त्रण गर्न र गुन्डागर्दी नियन्त्रण गर्न कसैको निर्देशन कुरिरहनु पर्दैन। गृह मन्त्रालय हिजो कसरी चलेको थियो थाहा छैन, अब हिजोको जसरी चल्दैन। गृह मन्त्रालयको नेतृत्व फेरिएको महसुस नागरिकले भोलि नै महसुस गर्नुपर्छ। कति दिन रहन्छु थाहा छैन। जति रहन्छु राम्रो गर्छु। नागरिकलाई आशा दिनुबाहेक मेरो स्वार्थ छैन,“ उनले भने।

उनले समस्या लिएर आउनेहरूको काम तत्काल गरिदिन पनि निर्देशन दिएका छन्। “काम नहुने छ भने कारण भनेर कन्भिन्स गरिदिनुस्। नागरिक समस्या लिएर सिंहदरबार आउनु नपरोस्। समाधान नभएका समस्या चाहिँ तपाईंहरूमार्फत सिंहदरबार आओस्,“ उनले भने। गृहमन्त्री लामिछानेले सरुवा–बढुवाका लागि आफूकहाँ नेताहरूलाई नपठाउन पनि भनेका छन्। “तपाईंहरूको राजनीतिक नेतृत्वसँग सुसम्बन्ध नै रहोस्। तर, तपाईंको स्वार्थमा उनीहरू (राजनीतिक नेतृत्व)बाट मलाई, मेरो सचिवालयलाई, परिवारलाई सरुवा–बढुवाको चिट आउने, गल्ती गर्दा बचाउन सिफासिर गर्ने विद्यमान प्रवृत्ति स्वीकार्य हुँदैन। अमूक नेता, तस्कर, स्वार्थ समूहले फलानो मान्छे चाहियो भन्यो भने जसको नाम आउँछ उसलाई चाहिँ कारबाही गर्छु,“ उनले भने।

कार्यक्रममा गृह मन्त्रालयका सचिव एकनारायण अर्याल, प्रहरी महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धानका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक ओमप्रकाश जोशीले पनि जिल्ला सुरक्षा समितिका अधिकारीलाई सुरक्षा, सुशासन, सेवा प्रवाह, नागरिक सेवालगायत विषयमा निर्देशन निर्देशन दिएका थिए।

# उपेन्द्र यादवको चरित्र हत्या गर्ने गरी पम्पलेट टाँस्नेमध्ये दुईजना पक्राउ

काठमाडौं, १ चैत्र। उपेन्द्र यादवको असली मालिक को हो यस तस्बिरले प्रस्ट पार्छ भनी धनुषालगायत विभिन्न जिल्लामा पोस्टर टाँसेर उपप्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादवको चरित्र हत्या गर्ने दुई जनालाई प्रहरी पक्राउ गरेको छ। धनुषा प्रहरीका अनुसार पंकज झा र मनिष पूर्वे रहेका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख मित्रबन्धु शर्माका अनुसार फागुन २६ गते राती लुकिछिपी सो पोस्टर टाँसिएपछि टाँस्ने व्यक्तिको खोजी भइरहेको थियो।

उनीहरूलाई बुधवार राती पक्राउ गरेको छ। उनीहरू हिन्दु धर्मका अभियन्ता हुन्। उनीहरूको बारेमा थप छानबिन भइरहेको उनले बताए। धनुषाको लादोबेलाबाट पक्राउ परेको झा र पूर्वे राष्ट्रिय एकता अभियानको कार्यकर्ता रहेको प्रहरी स्रोतले जनाएको छ। यस कार्यमा अझै केही व्यक्ति संलग्न रहेको देखिएको छ, उनीहरूको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ। पछिल्लो समय बाहिरी शक्तिको इसारामा उनीहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ र उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवको विरुद्धमा विभिन्न अनग्रल पर्चा, पम्पलेट टाँस्ने गरेको जनता समाजवादी पार्टी नेपालका नेताहरूले बताएका छन्।

# ५८ लाखभन्दा बढीको औषधीसहित ट्रक नियन्त्रणमा

पर्सा, १ चैत्र। सशस्त्र प्रहरीले वीरगन्ज महानगरपालिबाट ५८ लाख ५७ हजार रुपियाँ बराबरको औषधीसहित ट्रक नियन्त्रणमा लिएको छ। सह प्रवक्ता डिएसपी शैलेन्द्र थापाले वीरगन्ज महानगर –१७ स्थित आईसिपीको चेकप्वाईन्टबाट फागुन ३० गते साँझ सशस्त्र प्रहरीले करिब ५८ लाख ५७ हजार रुपियाँ बराबरको औषधीसहित एउटा ट्रक नियन्त्रणमा लिएको जानकारी दिनुभयो।

वीरगञ्जबाट काठमाडौँतर्फ जाँदै गरेको ना ३ ख ६५६४ नम्बरको ट्रकमा राखेर लैजाँदै गरेको औषधीको बिलमा उल्लेख भएभन्दा फरक अन्य सामान समेत रहेको भन्ने विशेष सूचनाका आधारमा प्रस्तावित सीमा सुरक्षा गुल्म अलौले नियन्त्रणमा लिएको हो। औषधी र सामान कहाँका लागि लगिएको भन्ने खुलेको छैन। नियन्त्रणमा लिइएको औषधी तथा ट्रक आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको छ।

# पर्साको ग्रामीण भेगबाट नियन्त्रणमा लिइयो बाघ

बीरगन्ज, १ चैत्र। पर्साको ग्रामीण भेगमा आतंक मच्चाउँदै आएको बाघलाई नियन्त्रणमा लिइएको छ। एक महिनादेखि जिल्लाको ग्रामीण भेगमा आतंक मच्चाएको बाघ नियन्त्रणमा लिइएको जिल्ला वन कार्यालय पर्साले जनाएको हो। चितवन राष्ट्रिय निकुञ्ज र पर्सा निकुञ्जको प्राविधिक टोलीले सखुवाप्रसौनी गाउँपालिका–२ स्थित उखुबारीबाट उक्त बाघलाई ‘ डार्टगन’ प्रयोगगरी नियन्त्रणमा लिएको हो।

दुवै निकुञ्जका टोलीलाई बाघ नियन्त्रणका लागि तीन वटा हात्तीमा १० दिनदेखि खटाइएको जिल्ला वन कार्यालयका प्रमुख हेमन्त साहले जानकारी दिए। उनका अनुसार बिहीबार दिउँसो प्राविधिक टोलीले भाले पाटे बाघलाई डार्टगन प्रहार गरी नियन्त्रणमा लिएको हो। सखुवाप्रसौनी र पटेर्वासुगौली गाउँपालिकाको राष्ट्रिय वनसँग नजिक रहेको गाउँमा एक महिना यता बाघले आतङ्क मच्चाएको थियो। बाघ हिँड्ने सम्भावित क्षेत्रमा सीसीटीभीसमेत जडान गरिएको थियो। बुधबार राति सीसीटीभीमा रेकर्ड भएको फुटेजका आधारमा बिहीबार दिउँसो उखुबारीमा बाघ फेला परेपछि डार्ट हानेर बे होस पारिएको जिल्ला वन कार्यालयले जनाएको छ।

नियन्त्रणमा लिइएको बाघलाई गाडीमा राखेर चितवन राष्ट्रिय निकुञ्जमा लगिएको वन कार्यालय प्रमुख साहले बताए। दिनदहाडै बस्तीमा प्रवेशगरेर बाघले मानिस तथा पशुचौपायालाई आक्रमणसमेत गर्ने गरेको थियो। बाघको आक्रमणबाट एक जनाको मृत्यु भएको थियो भने दुई जना घाइते भएका थिए। यस्तै बाघले दर्जनौँ चौपाया मारेको थियो। फागुन १९ गते पर्साको सखुवाप्रसौनी गाउँपालिकामा पोथी पाटेबाघ मृतभेटिएको थियो। सखुवा प्रसौनी गाउँपालिकाको वडा नम्बर २ रामभौरीस्थित खाली खेतमा एउटा पोथी बाघ मृत अवस्थामा भेटिएको प्रमुख साहको भनाइ छ।

# आठको ज्यान गयो, सबैको परिचय खुल्यो



काठमाडौं, १ चैत्र। धरानबाट भोजपुरको घोरेटारतर्फ जाँदै गरेको जीप उदयपुरको मैनामैनीमा दुर्घटना हुँदा ज्यान गुमाउनेको संख्या आठ जना पुगेको छ। सात जनाको घटनास्थलमै र थप एक जनाको उपचारका क्रममा धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ज्यान गएको प्रहरीले जनाएको छ। दुर्घटनामा ज्यान गुमाएका सबै जनाको परिचय खुलेको छ। जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार ज्यान गुमाउनेमा सुनसरीको इटहरी–९ का जीप चालक ४० वर्षीय मानबहादुर बस्नेत, भोजपुरको हतुवागढी–२ की ७० वर्षीया पर्वतमाया राई, त्यही वडाका २३ वर्षीय चन्द्रप्रकाश राई, छ महिनाकी बालिका बिसाङ चाम्लिङ राई, हतुवागढी–५ की ३२ वर्षीया राजकुमारी राई, हतुवागढी–९ का ६८ वर्षीय पदमबहादुर थापा, ४५ वर्षीया कमला अधिकारी र हतुवागढी–५ का ४२ वर्षीय किशन राई रहेका छन्। किशन राईको उपचारका क्रममा ज्यान गएको हो।

दुर्घटनामा घाइते भएका नौ जनाको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ। इलाका प्रहरी कार्यालय घोरेटारबाट सात र हसनपुरबाट पाँच गरी १२ जना प्रहरीको टोलीलाई तत्काल घटनास्थलमा पठाएर उद्धारको व्यवस्था मिलाएको उदयपुर प्रहरीले जनाएको छ। विहीबार दिउँसो धरानबाट भोजपुरको घोरेटारतर्फ जाँदै गरेको को १ ज २५९३ नम्बरको जीप उदयपुरको बेलका–७ मैनामैनीमा दुर्घटना भएको थियो। जीपमा क्षमताभन्दा बढी यात्रु रहेकाले दुर्घटना भएको प्रहरीको प्रारम्भिक अनुमान छ।

# पैसा दिएर नागरिकताको प्रतिलिपि संकलन गरेको आरोपमा २ बंगलादेशीसहित ३ जना पक्राउ



मोरङ, १ चैत्र। प्रहरीले मोरङमा पैसा दिएर सर्वसाधारणको नागरिकताको फोटोकपी संकलन गरेको आरोपमा दुई बंगलादेशीसहित तीन जनालाई पक्राउ गरेको छ। काठमाण्डौको नयाँबजार बस्ने सुनीता खत्रीसहित बंगलादेशी नागरिक मोहमद महबुर हुसेन र मोहमद तानविर हुसेनलाई आज पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। उनीहरूले गएको फागुन २८ गते अन्तर्राष्ट्रिय परोपकारी संस्थाको प्रतिनिधि भएको बताउँदै मोरङको सुन्दरहरैचा नगरपालिका वडा नम्बर ८ सलकपुरका बासिन्दालाई एक हजारदेखि १५ सय रुपैयाँसम्म दिएर नागरिकताको फोटो खिचेका थिए। ३० जनाभन्दा धेरैको नागरिकताको फोटो खिचेर लगेको सूचना पाएपछि प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

नेपालीको नागरिकता प्रयोग गरेर अनलाइनमार्फत ठगी गरेको आरोपमा उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी नायब उपरीक्षक (डीएसपी) रञ्जनकुमार दाहालले बताए । नागरिकताको प्रयोग गरी डिजिटल वालेटको खाता खोलेर ई–सेवा र खल्तीमा रकम जम्मा गर्ने उद्देश्य रहेको पाइएको दाहालले बताए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)